आज मिति २०८२ साल भाद्र २५ गते बुधबारको दिन बिहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को चौंथो कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थितीः**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| | आमन्त्रित | | |
| १ | भद्रबहादुर राई | | |
| २ | दिपेन्द्र कुमार राई | | |
| ३ | भावना पराजुली | | |

## प्रस्ताव/ निर्णयः

प्रस्ताव नं. १ः विद्यामान परिस्थितिको समिक्षा सम्बन्धमा ।

निर्णयः मिति २०८२/०५/ २३ गते देखि देशव्यापी रुपमा चलिरहेको जेन्जी पुस्ताको (Gen-Z)आन्दोलनको संवेदनशिलतालाई मध्यनजर गर्दै यस पालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पत्तिको संरक्षण गर्नका लागि आवश्यक पहल तथा सहजिकरण,समन्वय गर्ने निर्णय सर्वसहमतिले निर्णय पारित गरियो ।

प्रस्ताव नं. २ः सार्वजनिक सेवा प्रवाह/विकास निर्माण सम्बन्धमा ।

निर्णयः कार्यालयको नियमित दैनिक प्रशासनिक सेवा प्रवाहलाई सुरक्षा सतर्कतालाई मध्यनजर गरी अघी बढाउने तथा विद्यामान परिस्थितिलाई मध्यनजर गरी आवश्यकताको आधारमा सूचना जारी गर्ने तथा पालिकाले ठुला आयोजनाको निर्माण कार्यलाई तत्काललाई परिस्थिति सामान्य नभएसम्मको लागि स्थगन गर्ने तर आन्तरिक तयारीको प्रक्रियालाई भने निरन्तरता दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

प्रस्ताव नं. ३ः हाइड्रो नियमन सम्बन्धमा ।

निर्णयः यस गाउँपालकाक्षेत्र भित्र संचालित हाइड्रोपावर कम्पनीहरुलाई स्थानीय जनताको मागलाई सम्बोधन गर्दै सडक स्तरोन्नतीका लागि तत्काल पत्राचार गर्ने निर्णय सर्वसहमतिले निर्णय पारित गरियो ।